annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक १०० पृष्ठ ८ | काठमाडौं, बिहीबार २२ साउन २०८२ | श्रावण शुक्लपक्ष त्रयोदशी नेपाल संवत् ११४५ | THURSDAY, AUGUST 7, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## मधेस संकटमा, तीन तहबीच छैन समन्वय

खेतीयोग्य जग्गा
५,४२,५८०७८ हेक्टर

रोपाइँ हुने क्षेत्रफल
३,७२,६४५ हेक्टर

हालसम्म रोपाइँ
२,१३,३४८ हेक्टर

सबैभन्दा बढी रोपाइँ पर्सामा
८५ प्रतिशत

सबैभन्दा कम रोपाइँ महोत्तरीमा
३९.७३ प्रतिशत

'राज्यसँग उपलब्ध सबै स्रोत साधनको उपभोग गरेर' मधेसको खडेरी समस्या समाधान गर्ने भन्दै संघीय सरकारले साउन ७ गते मधेसलाई सुक्खाग्रस्त क्षेत्र घोषणा गऱ्यो । मधेसका जनतालाई लागेको थियो- अब त राहत पाइने भयो । सुक्खाबाट मुक्ति पाइने भयो ।' तर, यतिका दिन बित्दा पनि न राहत बाँडियो, न त संकट समाधानको ठोस कार्यक्रम नै अघि सारियो । उल्टै तीन तहका सरकार आ-आफ्नै पाराले अघि बढ्दा 'टालटुले' कार्यक्रम मात्रै सञ्चालित भइरहेका छन् । त्यसैकारण, वास्तविक पीडित राहतबाट चिल्लै हुने भइयो भन्दै आशंका व्यक्त गर्न थालेका छन् ।

समाचार पृष्ठ २

**मनिका झा** | *जनकपुरधाम*
– को रिपोर्ट

राष्ट्रपति र प्रधानमन्त्रीविरुद्धको रिट खारेज

# गठबन्धन सरकार ढल्दैमा अल्पमतको सरकार बन्दैन

**दिनेश गौतम** | *काठमाडौं*

सर्वोच्च अदालतले संविधानको धारा ७६ (२) अनुसारको बहुमतको सरकारले विश्वास गुमेपछि फेरि धारा ७६(२) अनुसार बहुमतको सरकार गठन गर्न दिने राष्ट्रपतिको आदेश केवल संविधानसम्मत मात्र नभई लोकतान्त्रिक प्रतिस्पर्धात्मक संसदीय शासन प्रणालीको व्यावहारिक विस्तार मानिनुपर्ने व्याख्या गरेको छ।

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठसहित न्यायाधीशहरू प्रकाशमानसिंह राउत, सपना प्रधान मल्ल, प्रकाशकुमार ढुंगाना र कुमार रेग्मी सहितको संवैधानिक इजलासले संविधानको धारा ७६ (२)अनुसार गठन भएको सरकार ढल्नासाथ प्रक्रिया स्वत: धारा ७६ (३)मा नजाने व्याख्या गरेको हो।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढलेपछि प्रतिनिधिसभामा सबैभन्दा ठूलो दल (कांग्रेस)को संसदीय दलको नेता प्रधानमन्त्री हुनुपर्ने मागसहित दायर रिट निवेदनमा सर्वोच्चको संवैधानिक इजलासले गरेको संवैधानिक व्याख्यासहितको पूर्णपाठ सार्वजनिक भएको हो।

सर्वोच्चले संविधानको धारा ७६ (२) अनुसार गठन भएको र विश्वासको मत पाएको सरकार ढलेमा फेरि धारा ७६ (२) अनुसार नै अर्को गठबन्धन बन्ने अवसर दिनुपर्ने व्याख्या गरेको छ।

संसदीय शासन व्यवस्थामा बहुमतको सरकार बन्ने सम्भावना रहेसम्म बहुमतको सरकार गठनको प्रक्रियालाई अवलम्बन गर्नका लागि एकपटक प्रयोग गरिसकेका संविधानको धारा ७६ (२) पुन: प्रयोग गर्न मिल्ने देखिएको व्याख्या संवैधानिक इजलासले गरेको छ।

'रिट निवेदन तथा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान् कानुन व्यवसायीहरूले नेपालको संविधानको धारा ७६ (२) अनुसार गठबन्धनको सरकार निर्माण भई विश्वासको मत प्राप्त गरी सरकार सञ्चालन रहेको अवस्थामा गठबन्धन भित्रको कुनै एक प्रमुख दलले समर्थन फिर्ता लिएकोमा उक्त सरकारले संविधानबमोजिम प्रतिनिधिसभामा पुन: विश्वासको मत लिँदा बहुमत सिद्ध गर्न नसकी प्रधानमन्त्रीको पद स्वत: रिक्त भएको अवस्थामा राष्ट्रपतिले संविधानको धारा ७६ (३) बमोजिम संसद्मा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई नेपालको प्रधानमन्त्री नियुक्त गर्नुपर्छ भन्ने तर्क तथा जिकिर संविधानसम्मत रहेको मान्न नसकिने हुँदा सोसँग सहमत हुन सक्ने अवस्था देखिएन,' सर्वोच्चको आदेशमा भनिएको छ।



सर्वोच्चको संवैधानिक इजलासको व्याख्या, '७६(२)को बहुमतको सरकार गठन संविधानसम्मत र संसदीय शासन प्रणालीको व्यावहारिक विस्तार'

बाँकी पृष्ठ ६

